'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'

एघारौं राष्ट्रिय महाधिवेशन
CPN (UML) 11th NATIONAL CONGRESS

# नवयुग

lj z]f 0{an]6g


११औं महाधिवेशन
७ दिन बाँकी

२७-२९ मंसिर २०८२, काठमाडौं 13-15 DECEMBER 2025, KATHMANDU

वर्ष १, अङ्क १, मंसिर २०, २०८२, Dec 6 , 2025 नेपाल संवत् ११४५

# अध्यक्ष ओलीको अपिल

## 'महाधिवेशन जनशक्तिको ऐक्यबद्धताप्रदर्शन गर्ने महत्वपूर्ण अवसर'



**"महाधिवेशनमा तपाईँको उपस्थितिले नेपाली जनताको लोकतान्त्रिक सामर्थ्यलाई प्रकट गर्ने छ, मङ्सिर २७ गते तपाईँको एक दिनको योगदानले अराजकता र प्रतिगमन नियन्त्रण गर्न सहयोग पुग्ने छ, महाधिवेशनको भव्य सफलताले लोकतन्त्र बलियो बनाउने छ।"**

काठमाडौँ । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले यही मङ्सिर २७ गतेबाट सुरू हुने पार्टीको ११ औँ राष्ट्रिय महाधिवेशनलाई राष्ट्रियता, लोकतन्त्र र संविधानमाथि आएको संकटविरूद्ध जनशक्तिको ऐक्यबद्धता प्रदर्शन गर्ने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गर्नुभएको छ ।

उहाँले एक अपिलमार्फत राष्ट्रियता, लोकतान्त्रिक प्रणाली र सुशासनको पक्षमा एमालेलाई '७७ वर्षको जनयात्रामा सदैव जनताको साथमा उभिएको शक्तिका रूपमा एमाले रहेको यस महाधिवेशनमा व्यापक उपस्थितिका लागि आह्वान गर्नुभएको छ । अध्यक्ष ओलीले एमालेलाई राष्ट्रियता र राष्ट्रिय स्वाभिमानको पहरेदार, लोकतन्त्रको सारथि, सामाजिक न्याय र सुरक्षाको सूत्रधार, सुशासन र विकासको नायक तथा समृद्ध नेपाल-सुखी नेपालीको स्वप्नद्रष्टा पार्टीका रूपमा चित्रण गर्दै वर्तमान राजनीतिक परिस्थितिलाई गम्भीर चुनौतीको समय भएको बताउनुभएको छ ।

उहाँले हालै प्रतिनिधिसभा असंवैधानिक रूपमा विघटन गरिनु, जनादेश प्राप्त सरकार विस्थापित गरिनु, विधिको शासन कमजोर बनाइनु र अराजक समूहहरूको सक्रियता बढ्नु देशको स्थायित्वविरूद्धको षड्यन्त्र भएको टिप्पणी गर्नुभएको छ । अध्यक्ष ओलीका अनुसार देशका मुख्य धरोहरमाथि भएको आपराधिक आक्रमणमा कारबाही नहुनुले समाजमा भय र असहजता सिर्जना गर्ने अवस्था बनेको छ ।

निर्वाचन घोषणा भए पनि त्यसका पूर्व सर्तकारूपमा आवश्यक निर्भयताको वातावरण निर्माण नभएको भन्दै उहाँले स्थापित पार्टी नेतृत्व र संविधानविरूद्ध निषेध र घृणाको राजनीति बढाइएको बताउनुभएको छ । "हामीले लोकतन्त्र फर्काउनु छ, राष्ट्रियता तथा संविधान विरूद्धका षड्यन्त्र परास्त गर्नु छ, यस्तो विशेष परिस्थितिमा हुन गइरहेको महाधिवेशनको ऐतिहासिक महतव छ ।" ओलीको अपिलमा उल्लेख छ ।

अध्यक्ष ओलीले महाधिवेशनको उद्घाटनसत्रमा सहभागी हुने जनसमुदायको उपस्थिति नै नेपाली जनताको लोकतान्त्रिक सामर्थ्यको अभिव्यक्ति हुने उल्लेख गर्दै मङ्सिर २७ गते दिउँसो साढे १२ बजे भक्तपुर सल्लाघारीमा उपस्थितिका लागि आमन्त्रण गर्नुभएको छ । "महाधिवेशनमा तपाईँको उपस्थितिले नेपाली जनताको लोकतान्त्रिक सामर्थ्यलाई प्रकट गर्ने छ, मङसिर २७ गते तपाईँको एक दिनको योगदानले अराजकता र प्रतिगमन नियन्त्रण गर्न सहयोग पुग्ने छ, महाधिवेशनको भव्य सफलताले लोकतन्त्र बलियो बनाउने छ ।" उहाँको अपिलमा भनिएको छ ।

## अध्यक्ष ओलीबाट ई-बुलेटिन शुभारम्भ

समाचार
पृष्ठ ६ मा

# सत्तर वर्षमा तेह्र वटा महाधिवेशन

- **नेपाल कम्युनिस्ट पार्टी**
  स्थापनाः २००६ साल बैशाख १० गते तद्नुरुप २२ अप्रिल १९४९ ।
  संस्थापक नेता- कमरेड पुष्पलाल
- **पहिलो महाधिवेशन**
  २०१० साल माघ १० देखि २० गतेसम्म पाटन, ललितपुर र काठमाडौं
  महामन्त्री- मनमोहन अधिकारी ।
- **दोस्रो महाधिवेशन**
  २०१४ साल जेठ १५ देखि २५ गतेसम्म दरबारमार्गस्थित फोहरादरबार, काठमाडौं ।
  महासचिव- डा. केशरजंग रायमाझी ।
- **तेस्रो महाधिवेशन**
  २०१९ साल बैशाख ४ देखि १५ गतेसम्म
  महासचिव- तुल्सीलाल अमात्य ।
- **चौथो महाधिवेशन**
  २०४६ भदौ ९ देखि १४ गतेसम्म, सिरहाको विष्णुपुरकट्टी, सर्रे अम्बास ।
  नेकपा(एमाले)को आयोजना
  महासचिव- मदनकुमार भण्डारी ।
- **पाँचौं महाधिवेशन**
  २०४९ माघ १४ देखि २० गतेसम्म दशरथ रंगशाला-कमलादी, काठमाडौं ।
  मूल नारा-'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं ।
  अध्यक्ष- मनमोहन अधिकारी, महासचिव- मदनकुमार भण्डारी ।
- **छैठौं महाधिवेशन**
  २०५४ माघ १२ देखि १८ गतेसम्म नेपालगन्ज, बाँके ।
  मूलनारा-'बिकृति र बिसंगतिका विरूद्ध संघर्ष गरौं, विचारधारात्मक रूपमा पार्टीलाई एकताबद्ध पारौं,
  अध्यक्ष- मनमोहन अधिकारी, महासचिव-माधवकुमार नेपाल
- **सातौं महाधिवेशन**
  २०५९ माघ १८ देखि २२ गतेसम्म, जनकपुर, धनुषा ।
  मूल नारा- 'प्रजातन्त्र, शान्ति र समग्र विकास, प्रतिगमनविरूद्ध अग्रगामी निकास !'
  महासचिव-माधवकुमार नेपाल ।
- **आठौं महाधिवेशन**
  २०६५ फागुन ५देखि १४ गतेसम्म, बुटवल, रूपन्देही ।
  मूल नारा- "यथास्थिति, अराजकता र विखण्डनका विरूद्ध आठौं महाधिवेशन, राष्ट्रिय एकता, सामाजिक रूपान्तरण र लोकतान्त्रिक गणतन्त्रका लागि नयाँ संविधान !'
  अध्यक्ष - झलनाथ खनाल, महासचिव- ईश्वर पोखरेल ।
- **नवौं महाधिवेशन**
  २०७१ असार १९ देखि साउन १ गतेसम्म भृकुटीमण्डप, काठमाडौं ।
  मूल नारा- 'शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गरौं, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गरौं!'
  अध्यक्ष- केपी शर्मा ओली, महासचिव- ईश्वर पोखरेल ।
- **प्रथम विधान महाधिवेशन**
  २०७८ असोज १५ देखि १७ गतेसम्म, गोदावरी, ललितपुर ।
  नीति, संगठन र विधानसम्बन्धी दस्तावेज पारित ।
  मूल नारा-'दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं !'
- **दशौं महाधिवेशन**
  २०७८ मंसिर १० देखि १२ गतेसम्म, नारायणगढ र सौराहा, चितवन ।
  मूल नारा- 'दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं !'
  अध्यक्ष- केपी शर्मा ओली, महाचिव- शंकर पोखरेल ।
- **दोस्रो विधान महाधिवेशन**
  २०८२ भदौ २० देखि २२ गतेसम्म, गोदावरी, ललितपुर ।
  नीति, संगठन र विधानसम्बन्धी दस्तावेज पारित ।
  मूल नारा- 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'
- **एघारौं महाधिवेशन**
  २०८२ मंसिर २७ देखि २९ गतेसम्म, भक्तपुर ।
  मूल नारा- 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'

## यस्तो छ, महाधिवेशनको प्रतिक चिन्हको विशेषता





काठमाडौँ । नेकपा (एमाले)को आशन्न ११ औँ राष्ट्रिय महाधिवेशन प्रतिक चिन्ह (लोगो) मा मुलुकको ऐतिहासिकता, समावेशीता, शान्ति र समृद्धिको बिम्बात्मक चित्रहरूको संयोजन गरिएको छ ।

एमालेको केन्द्रीय प्रचार समितिद्वारा यही मङ्सिर १४ गते पार्टी कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा ११ औँ महाधिवेशनको प्रतिक चिन्ह (लोगो) पार्टी अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिकीकरण गर्नुभएको हो । सो लोगोमा पाटीको इतिहास, आन्दोलन र सङ्कल्पको कलात्मक रूपमा अभिव्यक्र भएको छ । लोगोमा राष्ट्रिय झन्डा, धरहरा, पाँच तले दरबार, पार्टीको निर्वाचन चिन्ह आदिलाई बहुभाषिक रूपमा संयोजन गरिएको छ । एमालेले पार्टीका सचिव पद्मा अर्यालको संयोजकत्वमा महाधिवेशन प्रचार कमिटी गठन गरेको छ ।

## महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्ने उपाध्यक्ष थापाको जोड

काठमाडौँ । नेकपा (एमाले) का उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले पार्टीको आशन्न ११ औं राष्ट्रिय महाधिवेशनलाई एकताको राष्ट्रिय महाधिवेशनका रूपमा सम्पन्न गरेर मुलुकमा उत्पन्न सङ्कटको समाधानमा पार्टी बताउनुभएको छ ।

प्रेस चौतारी नेपालद्वारा शुक्रबार आयोजित संवाद



कार्यक्रममा उपाध्यक्ष थापाले जेनजी आन्दोलनको आवरणमा मुलुकलाई लोकतन्त्र र संविधानको लिकबाट बाहिर लगेर पश्चिमा विदेशीहरूको स्वार्थसिद्ध गर्न लागिएको जिकिर गर्दै यस्तो अवस्थामा एमालेका वर्तमान अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा निरन्तरता आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले महाधिवेशनमा प्रतिस्पर्धाको बाटोबाट जाँदा ठुला राजनीतिक दलभित्र विग्रह ल्याएर आफ्नो फाइदा लिन खोज्ने देशविरोधीहरू खुसी हुने भएकाले एकताको महाधिवेशन हुनुपर्ने बताउनुभयो । "देश र पाटीका लागि अहिले अध्यक्ष ओलीकै नेतृत्व, विचार र क्षमता आवश्यक छ । कम्युनिष्ट आन्दोलनलाई मूलधारमा रूपमा स्थापित गर्न अध्यक्ष ओलीको भूमिका रहेको छ । नेपाली कम्युनिष्ट पाटमा लागेकाहरू पनि एमालेकै मूलधारमा आउनुपर्छ । त्यसो हुन सकेमा आन्दोलन थप प्रभावकारी हुन्छ ।" उपाध्यक्ष थापाको भनाइ थियो ।

उहाँले विघठित प्रतिनिधिसभाको पुनःस्थापना गरी लोकतन्त्रको पुनःस्थापना हुनुपर्ने एमालेको नीति सही भएको पनि स्पष्ट गर्नुभयो ।



# महाधिवेशन सङ्घर्ष र उत्सवको 'क्लाइमेक्स' का रूपमा सम्पन्न हुनेछ

**शङ्कर पोखरेल**
महासचिव, नेकपा (एमाले)

**एमालेको ११ औँ राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन सकिएको छ । कतिपय ठाउँमा केही विवाद पनि देखिएको छ। त्यसलाई कसरी मिलाउनुभयो ? र महाधिवेशनको समग्र तयारी कहाँ पुग्यो?**

महाधिवेशनको तयारीका सन्दर्भमा सबभन्दा महत्वपूर्ण काम भनेको त प्रतिनिधि चयन गर्ने कुरा नै हो । प्रतिनिधि चयन गर्ने काम आम रुपमा सकिएको छ । केही ठाउँहरूमा उजुरीहरू आएका छन् । संगठन विभागले त्यसलाई समाधान गर्ने हिसाबले प्रक्रिया अगाडि बढाएर टुङ्गो लगाउउँदैछ । र, महाधिवेशनको अर्को महत्वपूर्ण पक्ष भनेको त्यसको उद्घाटन समारोहलाई भव्यतापूर्वक आयोजना गर्ने परम्परा रहेको छ। पार्टीको दशौं राष्ट्रिय महाधिवेशन हामीले चितवनको भरतपुर महानगरपालिकामा नारायणी नदीको किनारमा चाहिँ ऐतिहासिक सभाको आयोजना गरेर सम्पन्न गरेका थियौँ र अहिले हामी २७ गतेका दिन भक्तपुरको सल्लाघारीस्थित तीनकुनेमा रहेको झण्डै १०० रोपनी भन्दा बढीको खुला स्थान रहेको छ, त्यहाँ हामी उद्घाटन समारोह आयोजना गर्ने योजना बनाएका छौँ ।

दशौँ महाधिवेशनका बेला हामीले पार्टी रक्षाको प्रश्नलाई महत्वपूर्ण विषय बनाएका थियौँ किनकि पार्टीलाई पार्टीका प्रमुख नेताहरूले नै विभाजित गरेर षड्यन्त्रपूर्ण तरिकाबाट बाहिरिनु भएको थियो । त्यस अर्थमा पार्टी रक्षाको प्रश्न चाहिँ त्यतिबेलाको मुख्य प्रश्न थियो। यतिबेला हामी त्यो भन्दा फरक स्थितिमा छौँ। मुलुकलाई नै प्रतिगमन तर्फ लैजाने षड्यन्त्र भइराख्या छ । संविधान घायल छ । प्रतिनिधिसभा असंवैधानिक तरिकाबाट विघटन गरिएको छ । र समाजमा एकप्रकारको भय, त्रासको वातावरण सिर्जना भएको छ । गत भदौ २४ गतेका दिन मुलुकमा जे भयो, त्यसले राष्ट्रको जीवनमा असाधारण क्षति पुगेको छ । र सुरक्षाको महत्वपूर्ण अङ्गका रूपमा रहेको नेपाल प्रहरीलाई हतोत्साहित गर्ने काम भएको छ । नेपाल प्रहरीका कार्यालयहरूमा आगजनी, तोडफोड, लुटपाट गरिएको छ । प्रहरीहरूलाई दिनदहाडै नाङ्गो बनाइएको छ, कुटपिट गरिएको छ र कतिपय प्रहरी जवानहरूको हत्या गरिएको अवस्था छ । त्यो अवस्थामा न्याय दिलाउने कुरा, राज्य माथि प्रहार हुनु भनेको एक प्रकारले राज्य›ेह हो । त्यस प्रकारका काम र क्रियाकलापहरूलाई दण्डित गर्नुपर्ने ठाउँमा वर्तमान सरकारले त्यसलाई संरक्षण गर्ने नीति अवलम्बन गरिरहेको अवस्थामा शान्ति सुरक्षाप्रति नै गम्भीर आशङ्का, नाजुक अवस्थामा मुलुक रहेको स्थितिमा हामी चाहिँ जनताको मनोबल उठाउने हिसाबले कार्यक्रम आयोजना गर्न खोजिराख्या छौँ । हामीले आयोजना गर्ने कार्यक्रमले एकैचोटि धेरै पक्षहरूमा सकारात्मक प्रभाव पार्दछ भन्ने मलाई लाग्दछ । एउटा त जनतामा रहेको भय, त्रास र चाहिँ आतंकको जुन वातावरण छ, त्यसलाई अन्त्य गर्ने काम गर्नेछ । अर्कोतर्फ त्यसले पार्टी पङ्क्तिलाई उत्साहित बनाउने छ । सँगसँगै मुलुकमा प्रतिगमनका षड्यन्त्रहरूलाई त्यसले निस्तेज पार्ने खालको काम गर्नेछ। त्यस अर्थमा हामीले चाहिँ भनेका छौँ, २७ गतेको दिनको उद्घाटन समारोह ११औँ महाधिवेशनको, त्यो प्रतिगमनका विरूद्धको एक प्रकारको सङ्घर्षको पनि क्लाइमेक्स हुनेछ । अर्को तर्फ हाम्रो पार्टीको सर्वोच्च आयोजना भएका नाताले उत्सवको पनि क्लाइमेक्स हुनेछ । त्यस अर्थमा सङ्घर्ष र उत्सवको क्लाइमेक्सका रूपमा हामी २७ गतेको दिनलाई प्रयोग गर्न चाहन्छौँ । त्यसका माध्यमबाट एउटा नयाँ सन्देश दिन चाहन्छौँ । आज मुलुकमा जुन प्रकारको जनतामा निराशा छ, कुण्ठा छ, आक्रोश छ, त्यसलाई हामी निर्णायक शक्तिका माध्यमबाट चाहिँ सम्बोधन गर्न चाहन्छौँ ।

> **आज मुलुकमा जुन प्रकारको जनतामा निराशा छ, कुण्ठा छ, आक्रोश छ, त्यसलाई हामी निर्णायक शक्तिका माध्यमबाट सम्बोधन गर्न चाहन्छौँ ।**

**विधान महाधिवेशनलाई नै फर्केर हेर्ने हो भने त्यसबेला एमालेको नीतिमा केही पनि समस्या त्यतिबेला थिएन । सर्वसम्मत रूपमै त्यो महाधिवेशन सम्पन्न भएको थियो, अहिले खास गरेर नीति र नेतृत्व माथि छलफल हुनुपर्छ भनिएको छ, अहिले एउटा अप्ठेरो अवस्था पनि छ । यतिबेला प्रश्न उठाइनु ठीक हो कि होइन?**

वास्तवमा गत भदौ २३ र २४ गतेको घटना नेपालको इतिहासमै एक प्रकारले भन्ने हो भने आकस्मिक रूपमा घटित भयो । राष्ट्रको जीवनमा त्यसले असाधारण क्षति पनि पुग्यो । हाम्रो लोकतान्त्रिक प्रणालीलाई एकप्रकारले घायल पनि बनायो । यस्तो अवस्थामा विगतका हाम्रा नीतिहरूको औचित्य माथि नै प्रश्न उठ्यो भन्ने अर्थमा टिप्पणी गरिएको अवस्था छ । तर आज जुन शक्तिहरु हाम्रा विरूद्धमा सडकमा आए, एक प्रकारले हामीले विश्लेषण गरेका छौँ, नवयुवाहरूको आकाङ्क्षा जसलाई 'जेन-जी' नामाकरण गरिएको छ, उनीहरूका आकाङ्क्षा कुनै ठूलो कुरा थिएन । उनीहरूले भ्रष्टाचारको विरोध, सुशासनको प्रवर्द्धनको कुरा गरेका थिए र बन्द भएको सामाजिक सञ्जाल

खोल्नु पर्दछ भनेका थिए । त्यो सम्बोधन गर्न नसकिने विषय थिएन । तर सवाल के हो त भन्दाखेरि न त उनीहरूले त्यसलाई औपचारिक रूपमा राज्यका सामु मागका रूपमा प्रस्तुत गर्ने काम गर्यो, न त उनीहरूका बीचबाट स्वीकार्य नेतृत्व नै प्रकट भएको थियो । त्यस्तो अवस्थामा राज्यले युवाहरूको, नवयुवाहरूको प्रदर्शन हो, यो शान्तिपूर्ण प्रदर्शन हुन्छ भन्ने मान्यताका आधारमा त्यसलाई षड्यन्त्र त्यसमा मिसिन सक्छ भन्ने कुराको सतर्कता अपनाउन सकेन । जसले गर्दा नवयुवाका नाममा लोकतन्त्र विरोधी, राष्ट्र विरोधी शक्तिहरू एक ठाउँमा आए र मुलुकको प्रणालीलाई नै घायल बनाउने खालको काम गरे । यस प्रकारको स्थिति मुलुकमा सिर्जना गर्न खोजिँदै छ भन्ने कुराको आँकलन पार्टीले पहिल्यै नै गरिसक्या थियो । र अहिले जुनजुन शक्तिहरू चाहिँ हाम्रा विरूद्धमा केन्द्रित भएर चाहिँ लागे, २३ र २४ गतेको घटनालाई एक प्रकारले ध्वंशात्मक स्वरुप दिनका लागि जो जो संलग्न भए, बाहिर आइसकेको छ । हामीले त्यो भन्दा पहिल्यै नै विश्लेषण गरेका थियौँ– चार प्रकारका शक्तिहरू हाम्रा विद्धमा केन्द्रित भएर षड्यन्त्रपूर्ण तरिकाले अगाडि बढिरहेका छन् भन्या थियौँ । र त्यसप्रति सचेत र सजग हुनका लागि पार्टी पंक्तिलाई आह्वान पनि गरिसक्या थियौँ । ती चारवटा शक्ति कुन थिए । पहिलो शक्ति बाह्य शक्ति भन्या थियौँ। अब हामी २३-२४ को घटनामा उनीहरूका चासो सरोकारहरू प्रकट भएकै छन् । त्यो बाह्य शक्ति नेपालको राजनीतिमा कसरी सक्रिय हुन खोज्दैछ भन्ने कुरा त्यसले पुष्टि गर्दछ । हाम्रो विश्लेषणलाई त्यो सही थियो भन्ने कुरा पुष्टि गर्दछ । दोस्रो शक्ति हामी राजावादीहरू चाहिँ एक प्रकारले एमालेका कारणले राजसंस्था पुनःस्थापित गर्ने उनीहरूको अभियानमा बाधा पुग्यो भन्ने अर्थमा उनीहरू एमाले र त्यसको नेतृत्वका विरूद्धमा केन्द्रित थिए । तेस्रो शक्ति, ३२ नम्बर म्याजिक नम्बर, पाँचै वर्ष शासन गर्न पाइन्छ भन्ने मान्यतामा रहेका वामन्थीहरू, साना वामन्थीहरू अथवा नेपालका सन्दर्भमा भन्ने हो भने तेस्रो राजनीतिक दल माओवादी केन्द्र थियो । ऊ सत्ताबाट बाहिरिनु परेको कुण्ठामा थियो । त्यस अर्थमा ऊ कांग्रेस र एमालेका बीचमा फाटो ल्याउनका लागि षड्यन्त्रपूर्ण तरिकामा संलग्न थियो। र उसले नेकपा एमाले र त्यसको नेतृत्वलाई बदनाम गर्नका लागि नियोजित प्रचारबाजीमा संलग्न थिया । र चौथो शक्तिका रूपमा हामीले चाहिँ राष्ट्रिय स्वतन्त्र पाटी र पपुलिस्टहरू भन्या थियौं, जसमा अहिलेका अवस्थामाबालेन

> **जसले गर्दा नवयुवाका नाममा लोकतन्त्र विरोधी, राष्ट्र विरोधी शक्तिहरु एक ठाउँमा आए र मुलुकको प्रणालीलाई नै घायल बनाउने खालको काम गरे। यस प्रकारको स्थिति मुलुकमा सिर्जना गर्न खोजिँदै छ भन्ने कुराको आँकलन पार्टीले पहिल्यै नै गरिसक्या थियो।**



लगायतका व्यक्तिहरू पर्दछन् ।, पपुलिजमलाई आधार बनाएर नेपालमा राजनीति गर्न खोज्ने उनीहरू पनि एमाले र त्यसको नेतृत्वका विरूद्ध परिचालित छन् भनेर भनेका थियौँ । अब हामी २३ र २४ गतेको घटनामा हाम्रा नवयुवाहरूको भावनामा खेलेर आफ्नो स्वार्थ सिद्धिका लागि को-को संलग्न थिए भन्ने कुरा हेर्ने हो भने हरेक ठाउँका घटनाका अनुहारहरू यिनै चारवटा शक्तिहरू त्यसमा संलग्न भएको देखिन्छ । त्यस अर्थमा चाहिँ अब घटनाक्रमहरू कसरी घटे भन्ने कुराका सन्दर्भमा अब हामी स्पष्ट नै छौं । त्यसैले अब हाम्रो जुन प्रकारको विगतको हाम्रो विश्लेषण छ, त्यसमा परिवर्तन गरिरहनुपर्ने खासै आवश्यकता छैन नीतिका सन्दर्भमा ।

**अहिले अघि नेतृत्वमा एकताको कुरा गर्नुभयो । अहिलेको विशेष अवस्थामा नेतृत्वमाथि किन यो आक्रमण भइराछ ? कताकता नेतृत्व परिवर्तनको कुराहरू पनि जोडेर आएका छन् । यसलाई कसरी लिनुहुन्छ ?**

मैले त अब पार्टी अध्यक्ष माथिको प्रहारलाई पनि पार्टी नीति माथिको प्रहारका रूपमा बुझ्दछु । कुनै व्यक्ति माथिको प्रहार होइन। म माथिको प्रहारलाई पनि स्वाभाविक रूपमा पार्टी नीति माथिको प्रहारकै रूपमा बुझ्नुपर्दछ भन्ने मलाई लाग्छ। स्वाभाविक रूपमा के हुन्छ भन्दाखेरि हामीले बुझ्नुपर्ने कुरा के हो भन्दाखेरि जतिबेला पार्टी माथि प्रहार हुन्छ, नेतृत्वलाई केन्द्रबिन्दुमा राखेर, त्यस्तो अवस्थामा नेतृत्वको प्रतिरक्षा चाहिँ पार्टीको कर्तव्य बन्न पुग्दछ। कतिपयलाई के लाग्दछ भन्दाखेरि अब स्वाभाविक रूपमा अब पुस्तान्तरण, हस्तान्तरण आदि इत्यादि विषयका सन्दर्भका बारेमा एमाले पङ्क्ति भित्र कोही तयार भएन भन्ने खालका कुराहरू बेलाबखत उठ्ने गर्दछ। त्यो कस्तो बेलामा त्यो चिजको आवश्यकता हुन्छ भन्ने कुरालाई बुझ्नुपर्दछ। सधैँभरि त्यो विषय त्यही रूपमा उठाउनु उचित हुन्छ कि हुँदैन? हामीले बुझ्ने कुरा के हो भने नेपालको राजनीतिमा नेतृत्व, नयाँ नेतृत्व निर्माण गर्ने कुरामा नेपालका प्रमुख पार्टीहरूमा एमाले अग्रणी स्थानमा छ। मैले सधैँभर भन्ने गर्छु, बहुदलीय व्यवस्थाको स्थापना पछाडि, ४६ सालको आन्दोलन पछाडिको कुराकानी गर्ने हो भने नेपाली कांग्रेसमा चारवटा नेतृत्व परिवर्तन भए, अथवा चारवटा नेतृत्व स्थापित भए। एमालेले पाँचवटा नेतृत्व स्थापित गर्यो। र तेस्रो राजनीतिक दल नेकपा माओवादी केन्द्रमा ४६ सालदेखि लगातार एउटै नेतृत्व छ। माओवादी केन्द्र भित्र नेतृत्व हस्तान्तरण, पुस्तान्तरणको विषय कहिल्यै पनि उठ्दैन। कुन पाटी माथि यो विषयलाई केन्द्रित गरिकन चाहिँ टिकाटिप्पणी हुने गर्दछ भन्दा, जसले नेतृत्व निर्माणका सन्दर्भमा नेपालमा अग्रणी स्थान राख्दछ, त्यस माथि प्रश्न गरिन्छ। त्यो उचित होइन। अर्को तर्फ चाहिँ जतिबेला नेतृत्वलाई केन्द्रबिन्दुमा राखेर आन्दोलनलाई, राष्ट्रलाई कमजोर पार्ने प्रयत्न भ्याको हुन्छ, त्यतिबेला नेतृत्वको रक्षा गर्ने कुरा मुख्य कुरा हो। सामान्य अवस्थामा नेतृत्वका लागि प्रतिस्पर्धा उचित हुन सक्दछ। त्यस अर्थमा जो साथीहरू, कमरेडहरू अहिले प्रतिस्पर्धाको कुराकानी गर्दै हुनुहुन्छ, मैले के भन्ने गर्या छु भन्दाखेरि समयका हिसाबले उपयुक्त समय भएन, प्रतिस्पर्धाका लागि। यद्यपि हाम्रो नीति प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने नीति हो। तर त्यो नीति सधैँभरि लागू गर्नुपर्दछ उस्तै रूपमा भन्ने खालको कुरा हुँदैन। परिस्थिति अनुसार चाहिँ नीतिलाई लागू गर्ने कुरा चाहिँ सिर्जनात्मकताको कुरा हो। जस्तो कि मदन भण्डारी स्वयम आफैँले के भन्ने गर्नुहुन्थ्यो भन्दाखेरि– नीतिहरू आफैं लागू हुँदैनन्, त्यसलाई लागू गर्नुपर्दछ। लागू गर्ने कुरा चाहिँ परिस्थिति सापेक्ष हुनुपर्दछ। परिस्थिति सापेक्ष भएन भने त्यसले सान्दर्भिकता पुष्टि गर्न सक्दैन। त्यस अर्थमा हामीले अवलम्बन गर्ने नीतिहरूका सन्दर्भको कुरा गर्दाखेरि सापेक्षिक हिसाबले हामीले हाम्रा नीतिहरूलाई लागू गर्नुपर्दछ। त्यस अर्थमा अहिले नेतृत्वको रक्षा गर्नुपर्ने बेलामा नेतृत्वको विकल्प दिने प्रयत्न विधानतः मिल्दछ, परिस्थितिले त्यसलाई अस्वीकार गर्दछ। अब यो पक्षलाई चाहिँ जिम्मेवार सबै नेता, कार्यकर्ता कमरेडहरूले बुझ्नुहुन्छ भन्ने म ठान्दछु।

**अहिले त विभिन्न खालको आकाङ्क्षाहरू प्रकट भइ नै सकेको छ, सामाजिक सञ्जालहरूमा हेर्ने हो भने। यसको व्यवस्थापन चाहिँ सम्भव छ कि छैन?**

अब स्वाभाविक रूपमा अधिवेशनको आयोजना गरिसकेपछि आकांक्षाहरू प्रकट गर्ने कुरा सामान्य कुरा हो। तर चाहिँ पार्टी भन्या चाहिँ अब एकप्रकारले 'कोर अफ दि लिडरशिप' भन्छौं। 'कोर अफ दि लिडरशिप'ले भविष्यको पाटी कस्तो निर्माण गर्ने भन्ने खालको जे दृष्टिकोण बनाउँछ, पार्टी पङ्क्तिले त्यसलाई आधार बनाएर चाहिँ छलफल गर्नुपर्दछ। किन, नेतृत्वको कमाण्ड विना चाहिँ पार्टी अगाडि बढ्न सक्दैन। त्यस अर्थमा नेतृत्वमा हामी बसेर छलफल गर्दछौं, एउटा धारणा बनाउने प्रयत्न गर्दछौं र त्यो धारणाका आधारमा हामी कार्यकर्ताका बीचमा प्रस्तावलाई प्रस्तुत गर्ने कोसिस गर्दछौँ। अब त्यसमा असहमति भयो भने प्रतिस्पर्धा गर्न मिल्दछ।

(विस्तृत अन्तर्वार्ताका लागि : https://www.facebook.com/share/v/1CSMjgppSx/

# महाधिवेशनको उद्घाटनसत्रमा तीन लाख भन्दा बढी जनसहभागिता हुन्छ

**प्रदीपकुमार ज्ञवाली**

उपमहासचिव एवं जनपरिचालन समितिका संयोजक



**हामीले लोकतन्त्रका लागि लामो सङ्घर्ष गरेर यहाँसम्म आएका हौँ। एमालेले जनताको बहुदलीय जनतवादको विचारमा रहेर समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय गन्तव्य तय गरेको छ। यो कुराहरुलाई गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनबाट पारित दस्तावेजहरुमा राम्रोसँग अभिलेखीकरण भएको छ।**

**एमालेको ११ औं महाधिवेशन नजिएको छ । यसको समग्र तयारी र खासरी जनपरिचालनको तयारी कसरी हुँदैछ ?**

हामीले यो महाधिवेशनलाई नेकपा (एमाले)को परिवारको सबभन्दा ठूलो उत्सवको रूपमा मात्रै होइन, राष्ट्र र संविधानमाथि उत्पन्न संकटको एउटा निकासको ढोकाको रूपमा समेत लिएका छौँ । त्यसकारण यो महाधिवेशनको उद्घाटन सत्रलाई भव्यरूपमा र ठुलो जनसहभागितामा सम्पन्न गर्ने गरी अगाडि बढाउने योजना बनाएका छौँ । लोकतन्त्रका आधारस्तम्भहरू भनेका राजनीतिक पाटीहरू हुन् । पाटीहरू कति क्रियाशील हुन्छन्, कति उनीहरूले आफ्ना कामलाई प्रभावकारी ढंगले अगाडि लैजान्छन्, त्यसमाथि लोकतन्त्रको भविष्य सुनिश्चित हुँदोरहेछ, निर्धारित हुँदोरहेछ । गत भदौ २३-२४ को घटनापछि अहिले लोकतन्त्र संकटमा छ । संविधान मिचिएको अवस्थामा छ। राष्ट्रियता, राष्ट्रिय सार्वभौमसत्ता, मुलुकको राष्ट्रिय अस्मिता समेत अप्ठ्यारोमा छ। र विधिको शासनको ठाउँमा चाहिँ हुलमूलको शासन, अराजक समूहहरूको एक खालको इमोसनल ब्ल्याकमेलिङ र हरेक मान्छे आफैँसँग डराउनुपर्ने जस्तो, सेल्फ सेन्सर्ड भएर हिँड्नुपर्ने जस्तो जो स्थिति छ, यो स्थितिलाई चिर्ने एउटा सशक्त जनउभारको रूपमा हामीले यो कार्यक्रमलाई, खासगरेर महाधिवेशनको उ¢ाटन सत्रलाई त्यो रूपमा लैजान खोजेका छौँ । अर्थात् एमालेको ११औँ महाधिवेशनको उ¢ाटनसत्र मात्रै होइन, लोकतन्त्र प्रति नेपाली जनताको अविचलित एउटा निष्ठाको रूपमा, उनीहरूको ऐक्यबद्धता र उनीहरूको चाहिँ त्यसप्रतिको सशक्त आवाजको रूपमा यसलाई अगाडि बढाउन खोजेका छौँ । त्यसो भएर हामीले काठमाडौँ भित्र धेरै ठाउँहरू हेर्यौँ । जनताको त्यो उपस्थितिको हिसाबले हामीलाई ती ठाउँहरू अपर्याप्त लागे। र हामीले यहाँले भन्नुभए जस्तो भक्तपुरको सल्लाघारी, तीनकुनेलाई रोज्यौँ। त्यो ठाउँ पूरै भरिने र वरपर समेत व्यापक जनताको सहभागिता हुनेगरी हामीले त्यसको तयारी गर्दैछौँ । त्यसका लागि हामीले तीनवटा एरियालाई, तीनवटा क्षेत्रलाई एक खालको तीनवटा रिङ जस्तो बनाएर, काठमाडौँ उपत्यकाका तीनवटा जिल्लाहरू हाम्रा सबैभन्दा जनपरिचालनका आधारहरू हुनेछन्। तदनुरूप नै काठमाडौँ, ललितपुर, भक्तपुर जिल्ला कमिटीहरू परिचालित छन् ।




**एमालेको महाधिवेशन उद्घाटनमा आम जनसमुदाय किन जुट्ने, पार्टीको विशेष आग्रह के हो ?**

पक्कै पनि, हामीले तीन लाख भन्दा बढी जनसहभागिताको अपेक्षा गरेका छौँ । त्यो चाहिँ, त्यो ठाउँले थाम्न सक्ने त्यति नै हो। त्यसपछि हामीले काठमाडौँ वरिपरिका अरू जिल्लाहरू र समग्र बागमती प्रदेशलाई दोस्रो रिङ बनाएर काम गरिरहेका छौँ भनेदेखि मधेश प्रदेश र गण्डकी प्रदेशलाई पनि जनपरिचालनका आधारको रूपमा हामीले त्यसलाई तेस्रो रिङमा राखेर काम गर्दैछौँ। त्यसले गर्दाखेरि चाहिँ हाम्रो पूर्ण विश्वास छ– देश नै संकटमा परिरहेको अवस्थामा यो राष्ट्रियताको पहरेदार एमालेको आह्वानमा, लोकतन्त्र नै संकटमा परेको बेला लोकतन्त्रको एउटा रक्षकको पंक्तिमा रहेको एमालेको आह्वानमा लाखौँ जनताहरू जुट्नेछन् ।

हाम्रो प्राथमिकतामा चाहिँ काठमाडौँको खुलामञ्च, टुँडिखेल थियो। तर अब त्यो निर्माणाधीन रहेको र निर्माण व्यवसायीहरूले काठमाडौँ महानगरपालिकालाई ह्यान्डओभर गरिनसकेको कारणले त्यो प्राप्त गर्न सम्भव भएन। गङ्गाघरबाट र्‍याली सुरू हुन्छ, नयाँठिमी हुँदै हामी त्यो बाटो जान्छौँ। ठिमी हुँदै त्यो बाटो जान्छौँ। त्यसो हुँदा सरदर ३ किलोमिटरका मुख्य जुलुसहरू हुनेछन् दुईतिरबाट आउने। त्यसबाहेक भक्तपुरको आफ्नो, त्यहाँको सहभागिता र एक हदसम्म चाहिँ काभ्रेको पनि जोडिएको मण्डनदेउपुर नगरपालिका, त्यसको एउटा हिस्सा चाहिँ भक्तपुर नगरभित्र परिक्रमा गर्दै बाजागाजा, सांस्कृतिक झाँकी सहित आउँछ। त्यसो भएर तीन कर्नरबाट हामी चाहिँ त्यो तीनकुनेमा चाहिँ हाम्रो जनसहभागिता हुन्छ ।

हामीले काठमाडौँ बाहिरका साथीहरूलाई २६ गते रातिसम्म नै आइपुग्न भनेका छौँ । त्यसो भएमा खाना खाएर सल्लाघारीमा बिहानै पुग्न सजिलो हुन्छ । अर्को कुरा, काठमाडौँका यी तिनै जिल्लाका प्रत्येक घरमा हाम्रा साथीहरू अध्यक्ष केपी

शर्मा ओलीको निम्तापत्र लिएर घरघर पुग्नुहुन्छ। हरेक घरबाट सपरिवार आउनका निम्ति हामीले निमन्त्रणा गर्छौं उहाँहरूलाई । तपाईंहरूको एक दिन चाहिँ नेकपा एमालेलाई दिनुस्, त्यो एक दिन नेकपा एमालेलाई भनेको, त्यो नेकपा एमालेलाई दिएको होइन, त्यो लोकतन्त्रका निम्ति दिएको हो ।

हामीले जेनजी आन्दोलनपछिको अवस्थामा पार्टी कार्यालयमा संविधान दिवस मनायौँ । विभिन्न जिल्लामा कार्यक्रम र जनसभा गर्‍यौँ । पार्टीका सचिवालय र केन्द्रीय कमिटीका बैठकहरू बसे । ती सबैले पार्टीका नेता र कार्यकर्ताको मनोबल उठेको छ । अराजकतावदी समूहहरू आत्तिएका छन् । त्यसैले महाधिशवेशनको यस उत्सवमा हामीले अपेक्षा गरे अनुसार ठुलो संख्यामा जनसहभागिता हुने गरी तयारी गरेका छौं ।

हामी राजनीतिक दलहरू, खासगरी एमाले स्थायित्व, राष्ट्रिय एकता र सामाजिक सद्भावको पक्षधर हौं । हिजो देशलाई जातजातका नाममा विभाजित गर्न खोज्दा, एक मधेश एक प्रदेश भनेर, पहाड एउटा मधेश अकीतिर बनाउन खोज्दा त्यो पिलर बनेर उभिएको यो एमाले हो। त्यसो भएर राष्ट्रिय एकता चाहनेहरू एमालेलाई माया गर्छन्, अहिले पनि जसलाई जातजातको नाउँमा एउटा साम्प्रदायिक राजनीति गर्नु छ, उनीहरूलाई एमाले मन पर्दैन। त्यसलाई हामी स्वाभाविक ठान्छौं।

जेनजीको नाममा भदौ २४ गते जे विध्वंस भयो, या २३ गते अपरान्ह उहाँहरूको स्वाभाविक, शान्तिपूर्ण, संविधानप्रदत्त दायराभित्र रहेर गरिएको प्रदर्शनलाई अपहरण गरेर जुन रक्तपात मच्चाउने काम भो र त्यसको जगमा २४ गते देशलाई जुन दहन गर्ने काम भो, हो, त्यो अराजकताको, उहाँहरूको नाममा भएको अराजकताको हामीले विरोध गरेको हो । जुन विरोध उहाँहरू स्वयंले पनि गर्दै हुनुहुन्छ कि हामी देश दहन गर्ने पक्षमा होइन है भनेर । यो बुझ्नेहरूले एमालेलाई माया गरिरहनु नै भएको छ ।

**अब यो एमालेलाई माया गर्ने र एमालेलाई आक्रमण गर्ने, एक ढंगले भन्ने हो भने त एमालेका बारेमा अनेक खालका लाञ्छना लगाउनेहरूका लागि यो महाधिवेशनले दिने सन्देश चाहिँ के हुन्छ?**

हामीले लोकतन्त्रका लागि लामो सङ्घर्ष गरेर यहाँसम्म आएका हौं । एमालेले जनताको बहुदलीय जनतवादको विचारमा रहेर समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय गन्तव्य तय गरेको छ । यो कुराहरूलाई गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनबाट पारित दस्तावेजहरूमा राम्रोसँग अभिलेखीकरण भएको छ । हामी हाम्रा युवाहरूलाई देश भित्रै रोजगारीका अवसरहरू सिर्जना गर्न चाहन्छौं। संसारमा जुन तीव्र रफ्तारमा नयाँ प्रविधिले एउटा फड्को मारिरहेको छ, त्यो प्रविधिलाई भित्र्याएर हामीलाई चाहिँ, हामी एउटा प्रविधिको एउटा अग्रणी र त्यो प्रविधिलाई प्रयोग गर्ने एउटा एकदम फ्रन्टलाइनमा हामीले हाम्रा युवाहरूलाई लैजान चाहन्छौं। इनोभेसनको, इन्टरप्रेनरसिपको, उत्पादनको, रोजगारीको, त्यो ढंगले हामी लैजान चाहन्छौं र त्यो विकासको लाभ आम जनतामा पुगोस् भन्ने चाहन्छौं। त्यो ढंगको समाज निर्माण गर्नका लागि एउटा बलियो शक्ति चाहियो। अस्थिर हुँदा हामीले गर्न खोजेका कयौं कामहरू पूरा हुन नपाउँदा रहेछन् । त्यसो भएर हामी यो ढंगको बाटोमा मुलुकलाई लैजान चाहन्छौं। त्यसका लागि एउटा निर्णायक शक्ति चाहिएको छ। त्यो निर्णायक शक्ति बन्ने ल्याकत, हैसियत, सामर्थ्य एमालेले राख्छ। हामीलाई त्यो हुनका निम्ति, निर्णायक शक्ति बनाउनका निम्ति हामीलाई सहयोग गर्नुस्, हामी अपिल गर्छौं पहिलो। दोस्रो हामी के गर्छौं भन्दाखेरि चाहिँ तत्कालका एजेण्डाहरूको कुरा गर्दा, अहिले संविधान घाइते छ। लोकतन्त्रको गाडी लिकबाट तल झरेको अवस्था छ। त्यो गाडीलाई माथि ल्याउनुपर्नेछ। संसद पुन:स्थापना गर्नुपर्नेछ। जेनजीहरूका कयौं कन्सर्नहरू छन् ती जायज पनि छन् कयौं कुराहरू। यद्यपि कसरी त्यो बाटोमा पुग्ने भन्ने बारेमा उहाँहरूमा काफी दुविधा पनि छ। तर देशमा सुशासन होस्, भ्रष्टाचार नियन्त्रण होस्, देशको तीव्र आर्थिक विकास होस्, रोजगारी होस्, दलहरूमा सुधार आओस्, त्यो त स्वाभाविक कुरा हो त। ती कुराहरूलाई समेत हामीले कहीं न कहीं मुख्य राजनीतिक दलहरू एक ठाउँ बसेर, परियौंछ भने संविधान संशोधन गरेर त्यो कुरा टुङ्ग्याउनुपर्ने छ। त्यसो भएको हुनाले तत्कालका लागि लोकतन्त्रलाई लयमा फर्काउन, लिकमा फर्काउन र दीर्घकालीन हिसाबले भन्ने हो भनेदेखि मुलुकलाई समृद्धिको बाटोमा अगाडि लैजान एउटा बलियो शक्ति चाहिएको छ। बलियो शक्ति बनाउनुस। नेकपा एमाले त्यो गर्छ। होइन, त्यो बाहेक अरू पार्टी छन् भन्ने लाग्छ भने लोकतन्त्र हो। तपाईंहरूले जुनसुकै पार्टीलाई भए पनि लोकतन्त्र प्रति निष्ठावान् पार्टीलाई बलियो बनाउनुस। हाम्रो तीनकुनेबाट हामीले सम्प्रेषण गर्ने मुख्य सन्देश यो हुनेछ भन्ने म ठान्छु।

(विस्तृत अन्तर्वार्ताका लागि : https://www.facebook.com/reel/4329974920563984)

## महाधिवेशन उद्घाटनस्थल सल्लाघारीमा तयारी तीव्र



भक्तपुर । नेकपा (एमाले) को मङ्सिर २७ गतेबाट सुरु हुने ११ औं राष्ट्रिय महाधिवेशनको उद्घाटनस्थलको भक्तपुरको सल्लाघारीमा सरसफाइ, मञ्च व्यवस्थापनलगायतका काम भइरहेको छ । भक्तपुरको सल्लाघारीस्थित नेपाल ट्रष्टको १०८ रोपनी क्षेत्रफल रहेको चौरमा एमालेको महाधिवेशन उद्घाटन हुँदैछ । एमालेका उपमहासचिव एवं जनपरिचालन कमिटीका संयोजक प्रदीप ज्ञवालीसहितको टोलीले हालै सो स्थलको अनुगमन एवं निरक्षण गरी आवश्यक तयारीका लागि निर्देशन दिएको छ । सो स्थलमा दुई लाख जनसहभागिताको क्षमता रहेको छ भने सडक र आसपासका क्षेत्र गरी करिव तीन लाख मानिसले उद्घाटनमा सहभागिता हुने एमाले जनाएको छ ।

उपमहासचिव ज्ञवालीका साथ एमालेका प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतम, नेता विनाद श्रेष्ठ, नेकपा एमाले भक्तपुर जिल्ला अध्यक्ष वचन देउजा, उपाध्यक्ष एवं वागमती प्रदेश स्वास्थ्य मन्त्री किरण थापा, जिल्ला सचिव विष्णु तामाङ्गलगायतका नेताहरूले कार्यक्रमस्थलको अनुगमन गर्नुभएको थियो । सो स्थलमा मञ्च व्यवस्थापन, शौचालयलगायत संरचना निर्माणका लागि स्वयंसेवक खटिइसकेका छन् ।

## यसरी हुँदैछ, महाधिवेशन उद्घाटका दिनको सवारी व्यवस्थापन

भक्तपुर । नेकपा (एमाले)को ११ औं महाधिवेशन उद्घाटनका दिन मङसिर २७ गते उद्घाटन सभास्थल पुग्नका लागि एमालेले विभिन्न रूट तय गरेको छ । पार्टी स्थायी कमिटीका सदस्य एवं बागमती प्रदेशका इन्चार्ज डा.राजन भट्टराईका अनुसार भक्तपुरको सल्लाघारस्थित तीनकुने पार्कको खुला चौरमा आयोजना हुने उद्घाटनसभामा पुग्नका लागि विभिन्न क्षेत्रबाट आउने जुलुसलाई र सवारी साधन पार्किङका लागि विभिन्न ठाउँ व्यवस्थापन गरिएको छ ।

डा.भट्टराईका अनुसार सल्लाघारी भन्दा पश्चिमबाट आउने सवारी साधन गठ्घरदेखि कमेरेटारमा व्यवस्थापन गरिनेछ । ती सवारीहरू सानोठिमीको खुलाचौरमा लगेर पार्किङ गर्ने प्रबन्ध गरिएको छ । यसैगरी कार्यक्रमस्थलको पूर्वतर्फबाट आउने सवारी साधनलाई भक्तपुरको जगाती स्थित ईंटा तथा टायल कारखानामा रोकिनेछन् । ती सवारी साधनहरू जगातीबाट केही उत्तरतिर रहेको च्यामासिंमा पार्किङ गरिने प्रवन्ध गरिएको छ । ललितपुर र भक्तपुरको पश्चिमी क्षेत्रबाट आउने सवारीहरू पनि गठ्ठाघरमै रोकिनेछन् । भक्तपुरका सबै वडाबाट जुलुससहित कार्यकर्ता आउने तयारी छ । नगरकोट क्षेत्रबाट आउने सवारीहरू सल्लाघारीको अस्पताल आसपास पार्किङ गर्ने प्रवन्ध गरिएको डा. भट्टराईले बताउनुभयो ।

## अध्यक्ष ओलीबाट ई-बुलेटिन शुभारम्भ

काठमाडौं । नेकपा (एमाले) ले ११ औं राष्ट्रिय महाधिवेशनसँग सम्बन्धित महत्वपूर्ण गतिविधि र सूचनाहरूको नियमित सम्प्रेषणका लागि 'नययुग इ बुलेटिन' को प्रकाशन सुरु भएको छ । पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित विशेष कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले ई-बुलेटिनको औपचारिक शुभारम्भ गर्नुभयो ।

ई-बुलेटिनले महाधिवेशनका मुख्य एजेन्डा, पार्टीका नीतिगत दिशानिर्देशन, आगामी रणनीति तथा संगठन सुदृढीकरणसम्बन्धी सामग्रीहरु नियमित रूपमा उपलब्ध गराउनेछ । यही मङ्सिर २० गतेदेखि महाधिवेशन सम्पन्न नभएसम्म हरेक दिन साँझ ७: ०० सो बुलेटिन प्रकाशन भइ इन्टरनेटमार्फत् सम्प्रेषण हुनेछ । महाधिवेशनका लागि गठित प्रचार समितिको योजनाबमोजिम बुलेटिन प्रकाशानारम्भ भएको हो । बुलेटिनबाट सञ्चारमाध्यमलाई थप समाचार बनाउन सहयोग पुग्नेछ भने पार्टीका नेता, कार्यकर्ता र प्रतिनिधिलाई आधिकारिक सूचना सहजरूपमा प्राप्त हुनेछ । बुलेटिन प्रकाशनका लागि प्रचार समितिका सदस्य एवं प्रेस चौतारी नेपालका उपाध्यक्ष चेतन अधिकारीको संयोजकत्वमा टोली गठन गरिएको छ ।

एमालेले महाधिवेशनका लागि पार्टीका सचिव पद्मा अर्याल संयोजक र केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतम सचिव रहेको प्रचार कमिटी गठन गरिएको छ । प्रचार कमिटीले पार्टीका नेतहरूको नियमित भिडियो अन्तर्वार्ता, दैनिक 'सूर्य खबर' प्रसारण, महाधिवेशनको काउण्टडाउन प्रचार, जिङ्गल निर्माण र प्रसारण, नारा र थिमहरूको सम्प्रेषण, मिडिया संयोजकलगायतका काम गरिरहेको छ ।


सल्लाहकार : पद्मा अर्याल, प्रधान सम्पादक : राजेन्द्र गौतम, सम्पादक : गणेश पाण्डे
कार्यकारी सम्पादक : चेतन अधिकारी
सदस्यहरू : इन्द्रमान बुढा, विष्णु तारूके, नरेश भण्डारी, प्रकाश सिलवाल, देवराज साउद, टीकाराम उप्रेती, दीपक ज्ञवाली, शेखर अधिकारी, रामेश्वर कार्की, लक्की चौधरी, कालिका खड्का, ध्रुव सुवेदी